**प्रति साधारण शेयर रु.१००/– अङ्कित दरको २४,१४,१०० कित्ता साधारण शेयरहरुको हकप्रद निष्काशन**

**हाल कायम रहेको चुक्ता पूँजी रु. ३७,१४,००,०००/– (रु. सैतिस करोड चौध लाख) बराबरको प्रति शेयर रु.१००/– अंकित दरका ३७,१४,००० (सैतिस लाख चौध हजार) कित्ता साधारण शेयर को साधारण सभाबाट निर्णय भए बमोजिम हकप्रद शेयर अनुपात १ शेयर बराबर ०.६५(१:०.६५) शेयरको हुने रकम रु. २४,१४,१०,०००/– (रु. चौबिस करोड चौध लाख दश हजार) बराबरको प्रति शेयर रु. १००/–(रु.एक सय) अंकित दरको २४,१४,१०० (चौबिस लाख चौध हजार एक सय) कित्ता हकप्रद साधारण शेयर निष्काशन गर्नको लागि प्रकाशित ।**

**दरखास्त साथ प्रति साधारण शेयर रु.१००/– का दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।**

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

# जोशी हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड

# Joshi Hydropower Development Company Limited

रजिष्टर्ड कार्यालय : नयाँ बानेश्वर, काठमाडौं

फोन : ०१४५६२८४४, इमेलः joshihydropwerds@gmail.com, वेभसाइटः www.jhdc.com.np

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

**को**

**विद्यमान १ कित्ता साधारण शेयर बराबर नयाँ ०.६५ कित्ता साधारण शेयर**

# हकप्रद निष्काशन बारेको सूचना

## हकप्रद शेयरको बिक्री खुला अवधिः

**निष्काशन खुला मिति : २०८२/०४/१५ गते**
**निष्काशन बन्द मिति : २०८२/०५/०४ गते बैंकिङ्ग समयसम्म**

**सर्वसाधारण लगानीकर्तालै यस हकप्रद निष्काशनमा लिखित वा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा यस निष्काशनको लागि तयार गरेको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहर" पढ्ती आफ्नो स्व:विवेकले दरखास्त दिनुहोला।**

**निष्काशनकर्ता कम्पनीको इस्युअर रेटिङ्ग सम्बन्धी विवरण :**

यस यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहर" धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ मा भएको व्यवस्था बमोजिमयस जोशी हाईड्रो पावर डेभलपमेन्ट कम्पनी लिमिटेडलाई कियर रेटिङ्गस नेपाल लिमिटेडले "CARE-NP B(Is) [Single B Issuer Rating] Reaffirmed" रेटिङ्ग प्रदान गरेको छ .CARE-NP B(Is) [Single B Plus Issuer Rating] ले (Issuers with this rating are considered to offer high risk of default regarding timely servicing of financial obligations, in Nepal)/xg] जनाउँदछ । केयर रेटिङ्गस नेपाल लिमिटेडले AAA देखि D प्वाइन्ट रेटिङ्ग प्रदान गर्दछ । जसमा AAA रेटिङ्ग ले बलिया आधार जनाउँछ भने D रेटिङ्ग ले कमजोर आधारहरु जनाउँछ । रेटिङ्ग AA, A, BBB, BB, B र C मा प्रयोग गरिने + (Plus) / - (Minus) चिन्हले उक्त समूहका तुलनात्मक स्थितिलाई जनाउँछ । सो सम्बन्धी विवरण यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" को दफा (श) पृष्ठ नं.३२ मा उल्लेख गरिएको छ ।

**रेटिङ्ग प्रदान गरेको मिति : २०२४।१०।०९** **बहाल रहने अवधि : २०२५।११।०९**

**कम्पनीको हाल कायम चुक्ता पुँजी रु. ३७,१४,००,०००/– को १ शेयर बराबर नयाँ ०.६५ शेयर (१:०.६५) को अनुपातमा रु. १०० अङ्कित दरका २४,१४,१०० कित्ता हकप्रद शेयर मिति २०८२/०३/०८ गते भन्दा अघिल्लो दिनसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोबार भई कायम साविक शेयरधनीहरुको लागि निष्काशन गरिएको ।**

## 'हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरू'

**नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको मिति : २०८२/०२/२६ गते । कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको मिति : २०८२/०२/३० गते**

**१) संगठित संस्थाको नाम : जोशी हाईड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड** (Joshi Hydropower Development Company Limited)

**२) संगठित संस्थाको रजिष्टर्ड कार्यालय :**

यस कम्पनीको रजिष्टर्ड काठमाण्डौ जिल्ला का.म.न.पा.वडा नं ३४, नयाँ बानेश्वर, काठमाडौंमा रहेको छ । आवश्यकता अनुसार स्वीकृती लिई अन्य स्थानहरुमा पनि रजिष्टर्ड कार्यालय सार्न वा शाखा कार्यालय खोल्न सकिनेछ ।

**३) कारोबार स्थान :**

यस कम्पनीको कारोबार गर्ने मुख्य स्थान कम्पनीको रजिष्टर्ड तथा कार्यालय का. म. न. पा., बडा नं ७, कालोपुल, काठमाडौं र जलविद्युत उत्पादन केन्द्रहरु इलाम जिल्लाको इलाम नगरपालिका वडा नं.१,३,४, र सन्दकपुर गाउँपालिका १ मा अवस्थित छ । सम्बन्धित निकायबाट स्वीकृतिलिई नेपालका अन्य स्थानहरुमा आयोजना निर्माण गर्ने क्रममा कार्यालयहरु खोल्न सकेनछ ।

**४) संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :**

कम्पनीको सँक्षिप्त परिचय :

१) जोशी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडले प्रचलित कानुन बमोजिम २०६२ साल वैशाख ०६ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेड कम्पनीको रुपमा दर्ता भई मिति २०७५ फागुन १४ गते देखि पब्लिक लिमिटेड कम्पनीमा परिणत भई कम्पनी ऐन, २०६३ अन्तर्गत काम/कारोवार गर्दै आईरहेको छ ।

२) कम्पनीले माथिल्लो पुवा १ जलविद्युत आयोजना (३ मेगावाट), उत्पादन तथा सञ्चालन गर्न विद्युत उत्पादनकोअनुमति पत्र नेपाल सरकार, उर्जा मन्त्रालयबाट मिति वि.स. २०७०/०२/१२ गते प्राप्त गरेको र उक्त अनुमति पत्र २१०५/०२/०५ गतेसम्म बहाल गतेसम्म बहाल रहनेछ ।

३) यस कम्पनीको प्राथमिक शेयर निष्काशन मिति २०७५ मंसिर १६ गते देखि २०७५ मंसिर १९ गते सम्म भएको र बाँडफाड मिति २०७५ मंसिर २६ गते भएको हो । कम्पनीको मिति २०७८/०८/२६ गते देखि संस्थापक शेयरको कारोबार रोक्का लकईन पिरियड (Lock in Period) समाप्त भई संस्थापक शेयर साधारण शेयर सरह कारोबार भइरहेको छ । यस कम्पनीको प्राथमिक तथा संस्थापक शेयरको सुचिकरण मिति २०७५ पौष २२ गते रहेको छ ।

४. कम्पनीले पहिचान गरी विकास निर्माण प्रारम्भ गरेको इलाम जिल्लाको इलाम नगरपालिका वडा नं. १, ३,४ र सन्दकपुर गाउँपालिका १ मा माथिल्लो पुवा १ साना जलविद्युत आयोजना (३ मेगावाट) सम्पूर्ण निर्माण कार्य सम्पन्न भई माथिल्लो पुवा १ साना जलविद्युत आयोजना (३ मेगावाट) को मिति २०७१/१०/०१ गते देखि व्यापारीक उत्पादन सुरु गरी आयोजना संचालन भैरहेको छन् ।

५. माथिल्लो पुवा १ साना जलविद्युत आयोजना को उत्पादन गरिएको सबै विद्युत शक्ति एकमुष्ट नेपाल विद्युत प्राधिकरणले खरिद गर्न मन्जुर गरी कम्पनी र प्राधिकरण बीच २०६६ साल वैशाख २३ गते पहिलो तथा २०६८ साल श्रावण १७ गते दोस्रो विद्युत खरिद बिक्री सम्झौता सम्पन्न भईसकेको छ । विद्युत खरीद बिक्री सम्झौता आयोजनाले व्यापारिक उत्पादन शुरू गरेको मितिदेखि ३० वर्ष कायम रहनेछ । कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच सम्पन्न विद्युत खरीद-बिक्री सम्झौताको मुख्य-मुख्य बुंदाहरू निम्न बमोजिम रहेका छन् :

**क.** माथिल्लो पुवा १ साना जलविद्युत आयोजनाबाट वार्षिक १७,२०२,९४६ किलोवाट घण्टा विद्युत उत्पादन तथा बिक्री गरिने कुरा मासिक उर्जा उत्पादन तालिकामा तोकिएको छ । माथिल्लो पुवा १ साना जलविद्युत आयोजनामा वर्षा यामका आठ महिनाको लागि १४,६२३,०७४ किलोवाट घण्टा र सुख्खायामका चार महिनाका लागि २,५७९,८७१ किलोवाट घण्टा निर्धारण गरिएको छ ।

**ख.** प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मितिदेखि हरेक महिना कम्पनीले माथिल्लो पुवा १ साना जलविद्युत आयोजनाबाट उत्पादन गरी उपलब्ध गराएको कन्ट्राक्ट इनर्जीको परिमाणसम्मको उर्जा खरीद वापत थप कन्ट्राक्ट इनर्जीको हकमा वर्षा याममा प्रति कि.वा. घण्टा रु.४.८० (चार रुपैया असी पैसा मात्र) र सुख्खा याममा प्रति कि.वा. घण्टा रु. ८.४० (आठ रुपैया चालिस पैसा मात्र) र कन्ट्राक्ट इनर्जीको हकमा वर्षा याममा प्रति कि.वा. घण्टा रु.४ (चार रुपैया मात्र) र सुख्खा याममा प्रति कि.वा. घण्टा रु. ७ (साथ रुपैया मात्र) विद्युत खरीद दरले हुन आउने रकम कम्पनी वा विद्युत खरिद बिक्री सम्झौताको दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तीय संस्थालाई बुझाउने छ । साथै व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) बाट कन्ट्राक्ट इनर्जीको हकमा एक वर्ष पुगेको महिनाको लगतै पछिको महिनादेखि लागु हुने गरि प्रत्येक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले ९ (नौ) पटकसम्म र थप कन्ट्राक्ट इनर्जीको हकमा एक वर्ष पुगेको महिनाको लगतै पछिको महिनादेखि लागु हुने गरि प्रत्येक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले ५ (पाँच) पटकसम्म मूल्य वृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरीद दर कायम गरिएको छ ।

**कन्ट्राक्ट इनर्जी**

| आर्थिक वर्ष | सुख्खा याम (पौष देखि चैत्र सम्म) (रु. प्रति युनिट) | वर्षा याम (वैशाष देखि मार्गसम्म) (रु. प्रति युनिट) |
|---|---|---|
| व्यापारिक उत्पादक शुरु हुने मिति (COD) पर्ने आर्थिक वर्ष | ७ | ४ |
| COD पछिको पहिलो आर्थिक वर्ष | ७।२१ | ४।१२ |
| COD पछिको दोश्रो आर्थिक वर्ष | ७।४२ | ४।२४ |
| COD पछिको तेश्रो आर्थिक वर्ष | ७।६३ | ४।३६ |
| COD पछिको चौथो आर्थिक वर्ष | ७।८४ | ४।४८ |
| COD पछिको पाँचौ आर्थिक वर्ष | ८।०५ | ४।६० |
| COD पछिको छैठौं आर्थिक वर्ष | ८।२६ | ४।७२ |
| COD पछिको सातौ आर्थिक वर्ष | ८।४७ | ४।८४ |
| COD पछिको आठौ आर्थिक वर्ष | ८।६८ | ४।९६ |
| COD पछिको नवौ आर्थिक वर्ष देखि सम्झौता अवधिसम्म | ८।८९ | ५।०८ |

**थप कन्ट्राक्ट इनर्जी**

| आर्थिक वर्ष | सुख्खा याम (पौष देखि चैत्र सम्म) (रु. प्रति युनिट) | वर्षा याम (वैशाष देखि मार्गसम्म) (रु. प्रति युनिट) |
|---|---|---|
| व्यापारिक उत्पादक शुरु हुने मिति COD पर्ने आर्थिक वर्ष | ८।४० | ४।८० |
| COD पछिको पहिलो आर्थिक वर्ष | ८।६५ | ४।९४ |
| COD पछिको दोश्रो आर्थिक वर्ष | ८।९० | ५।०९ |
| COD पछिको तेश्रो आर्थिक वर्ष | ९।१६ | ५।२३ |
| COD पछिको चौथो आर्थिक वर्ष | ९।४१ | ५।३८ |
| COD पछिको पाँचौ आर्थिक वर्ष देखि सम्झौता अवधिसम्म | ९।६६ | ५।५२ |

**माथिल्लो पुवा १ साना जलविद्युत आयोजना**

- जडित क्षमता ३ मेगावाट
- विद्युत उत्पादन अनुमतिपत्र प्राप्त मिति २०७०/०२/०६
- विद्युत खरिद बिक्री संझौता २०६८/०४/१७
- विद्युत खरिद बिक्री सम्झौता बहाल रहने अवधि व्यापारिक उत्पादन सुरु मितिले ३० वर्ष वा विद्युत उत्पादन अनुमतिपत्र बहाल रहने मिति मध्ये जुन घटि छ सो समयसम्म । अर्थात वि.सं. २१०५/०२/०५ गतेसम्म बहाल रहनेछ ।
- आयोजनाको निमार्ण प्रारम्भ भएको मिति २०६८/०६/०२
- व्यापारिक उत्पादन प्रारम्भ भएको मिति २०७१/१०/०१
- कुल लागत रु ५६,४४,०२,८९७।८१
- प्रति मेगावाट लागत रु. १८,८१,३४,२९९.२७
- विद्युत खरिद बिक्री सम्झौतको मुख्य विवरण देहाय बमोजिम छ ।
- विद्युत खरिद बिक्री दर कन्ट्राक्ट इनर्जीको हकमा सुख्खा याममा प्रति युनिट रु.७.०० र वर्षा याममा प्रति युनिट रु ४.०० रहेको छ र सो दरमा व्यापारिक उत्पादन सुरु हुने मितिको एक वर्ष पश्चात् प्रति वर्ष ३ प्रतिशतका हिसाबले ९ पटक वृद्धि हुनेछ तथा थप कन्ट्राक्ट इनर्जीको हकमा सुख्खा याममा प्रति युनिट रु. ८।४० र वर्षा याममा प्रति युनिट रु ४।८० रहेको छ र सो दरमा व्यापारिक उत्पादन सुरु हुने मितिको एक वर्ष पश्चात् प्रति वर्ष ३ प्रतिशतका हिसाबले ५ पटक वृद्धि हुनेछ ।
- सम्झौताभन्दा बढी विद्युत उत्पादन भई बिक्री गरिएमा सो समयमा कायम दरको ५० प्रतिशतका दरले भुक्तानी प्राप्त हुने छ ।
- व्यापारिक उत्पादन सुरु हुने मितिमा विद्युत आपूर्ति गर्न नसकेमा वा आपूर्ति गरिएको विद्युत लिन नसकेमा ५ प्रतिशत हर्जानाको व्यवस्था गरिएको छ ।

| | |
|---|---|
| 1. Project Location | |
| Development Region: | Eastern |
| Zone: | Mechi |
| District: | Ilam |
| Intake Site: | Puwa-Mahjuwa VDC |
| Powerhouse Site: | Puwa-Mahjuwa VDC |
| Geographical Co-ordinates: | |
| Latitude | 26959'47"N to 27900'05"N |
| Longitude | 87°52'50"E & 87°54'10"E |
| 2. General | |
| Name of River | Puwa Khola |
| Nearest Town | Ilam Bazaar |
| Type of Scheme | Run-of-river |
| Gross Head | 159m |
| Installed Capacity | 3,000 kW |
| Average Annual Energy after Outage | 17.203 GWh |
| 3.Hydrology | |
| Catchment Area (Thulo Puwa): | 30.9 km² |
| Catchment Area (Sano Puwa): | 22.3 km² |
| Mean Annual Discharge | 4.44 m³/s |
| Design Discharge | 2.31 m³/s |
| Probability of Exceedance: | 40% |
| Riparian Release: | 0.06 m³ /sec |
| Design Flood Discharge (Thulo Puwa): | 156 m 3/s (100Yr. flood) |
| Design Flood Discharge (Sano Puwa): 113 m/s (100Yr. flood) | 113 m 3/s (100Yr. flood) |
| 4. Diversion Weir | |
| Thulo Puwa | |
| Type of Weir: Free Overflow Concrete | |
| Length of Weir: | 15.0 m |
| Crest Elevation: | 1408.4 m |
| Sano Puwa | |
| Type of Weir: | Free Overflow Concrete |
| Length of Weir: | 9.0 m |
| Crest Elevation: | 1408.3 m |
| 5. Intake Structure | |
| Thulo Puwa | |
| Type of Intake: | Tyrolean |
| Size (L x B): | 11.0 m x 4.4 m |
| Sano Puwa | |
| Type of Intake: | Tyrolean |
| Size (Lx B): | 9.0 m: + 4.0 m |
| 6. Gravel Trap | |
| Thulo Puwa | |
| Type: | R ectangular |
| Size (L x B x H): | 4.0 m x 2.7 m x1.8 m |
| Sano Puwa | |
| Type: | Rectangular |
| Size (L x B x H): | 3.0 m x2.6 mx 1.5 m |
| 7. Desilting Basin | |
| Thulo Puwa | |
| Type: | Dufour |
| No of Chamber: | 1 |
| Dimension (L x B x H): | 27.5 mx 4.0 m x 2.3 m |
| Particle Size to be Settled: | 0.2 mm |
| Sano Puwa | |

| | |
|---|---|
| Type: | Dufour |
| No of Chamber: | 1 |
| Dimension (Lx B x H): | 24.0 m x 3.8 m x2.0 m |
| Particle Size to be Settled: | 0.2 mm |
| 8. Water Conveyance System | |
| Thulo Puwa | |
| Type: | Rectangular RCC |
| Length: | 2,133 m |
| Size: | 1.4 mx1.0 m |
| Sano Puwa | |
| Type: | Rectangular RCC |
| Length: | 1,612 m |
| Size: | 1.2 m x 0.95 m |
| 9. Forebay | |
| Type: | Surface, RCC Structure |
| Dimension: | 15.0 x 8.0 m x5.1 m |
| Normal Water Level: | 1,402.9 m |
| 10. Penstock | |
| Type: | Exposed Steel Pipe |
| Length: | 355m |
| Diameter: | 1.1m |
| Thickness: | 8-16mm |
| 11. Powerhouse | |
| Type: | Surface |
| Dimension: | 22.5 m x 15.3 m x 12.3 m |
| Turbine Center Level: | 1,241.56m |
| 12. Tailrace Canal | |
| Type: | RCC Box Culvert |
| Length: | 16.0 m |
| Size: | 2.0 m X 0.95 m |
| 13. Turbine | |
| Type: | Horizontal Axis Francis |
| Number: | Two |
| Rated Output Capacity per Unit: | 1,600 kW |
| Efficiency: | 91% |
| 14. Governor | |
| Type: | Electro-hydraulic, PID |
| Adjustment for Speed Droop: | Between 0 to 5% |
| 15. Generator | |
| Type: | Synchronous, three phase |
| Rated Output Capacity per Unit: | 1875 kVA |
| Power Factor: | 0.8 |
| Voltage: | 6.6 kV |
| Frequency: | 50 Hz. |
| No of Units: | Two |
| Excitation System: | Brushless |
| Efficiency: | 96.00% |
| 16. Transformer | |
| Type: | Three Phase, ONAN |
| Rated Capacity: | 3,800 kVA x 1 Nos |
| Voltage Ratio: | 6.6/ 33 kV |
| Efficiency: | 99% |
| 17. Transmission Line | |
| Voltage level: | 33 kV |
| Length (approx.): | 1km |
| From: | Powerhouse (HEP) |
| To: | Puwa Sub-station |
| Conductor: | ACSR "DOG" |

**२) कम्पनीको उद्देश्य :**

कम्पनीको प्रबन्धपत्रको दफा ४ मा उल्लेख भए अनुसार कम्पनी कानुन तथा अन्य प्रचलित कानुनको अधिनमा स्वीकृती लिनु पर्ने भए सम्बन्धित निकायको स्वीकृति समेत लिई यस कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछ :

१) यस कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछ
**क**. नेपाल अधिराज्य भित्र रहने खोलानाला बाट जलविद्युत उत्पादन गर्नका लागि गर्नुपर्ने निर्माण विकाशका कार्यहरु गरि जलविद्युत उत्पादन गर्ने ।
**ख**. उत्पादन गरिएको जलविद्युत बिक्री वितरण तथा प्रसारण गर्ने ।
**ग**. उत्पादन गरिएको जलविद्युतको प्रसारणका लागि गर्नुपर्ने सब स्टेशनमा पावर जोड्ने, पोल गाड्ने, तार तान्ने लगायतका कार्यहरु गर्ने ।

(२) कम्पनीले उपदफा (१) बमोजिमको उद्देश्य कार्यान्वयन गर्न प्रचलित कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गर्नु पर्ने भएमा सो प्राप्त भएपछि मात्र कार्यान्वयन गरिनेछ ।

(३) उपदफा (१) मा उल्लेखित उद्देश्यका सम्बन्धमा अनुमति वा इजाजत प्राप्त गरेको तीस दिनभित्र त्यस्तो अनुमति वा इजाजतपत्रको प्रतिलिपि कार्यालयमा पेश गरिनेछ ।

(४) यस कम्पनी कम्पनी रजिष्ट्रार कार्यालय बिपुरेश्वर काठमाण्डौमा प्रा.लि.नं.३२९०६ नं. मा दर्ता भएको जोशी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी प्रा. लि. को सम्पूर्ण ऋण धन दायित्व यसै पब्लिक कम्पनीमा परिणत गरिएको जोशी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लि. नाम बाट संचालन गर्ने गराउनेछ ।

**५) शेयर पुँजीको संरचना:**

- **अधिकृत पूंजी :** कम्पनीको अधिकृत पुंजी रु. ६१,२८,१०,०००/– (अक्षरेपी एकसाठ्ठी करोड अठाइस लाख दश हजार रुपैंया मात्र) रहेको छ । उक्त पूंजीलाई रु. १००/– का दरले ६१,२८,१००/–थान साधारण शेयरमा विभाजन गरिएको छ ।
- **जारी पूंजी :** कम्पनीको जारी पूंजी रु. ६१,२८,१०,०००/– (अक्षरेपी एकसाठ्ठी करोड अठाइस लाख दश हजार रुपैंया मात्र ) रहेको छ । उक्त पूंजीलाई रु. १००/- का दरले ६१,२८,१००/– थान साधारण शेयरमा विभाजन गरिएको छ ।
- **चुक्ता पूंजी :** कम्पनीको चुक्ता पूंजी रु.३७,१४,००,०००/– (अक्षरेप सैतिस करोड चौध लाख रुपैंया मात्र) रहेको छ । उक्त पूंजीलाई रु. १००/– का दरले ३७,१४,०००/– थान साधारण शेयरमा विभाजन गरिएको छ । यस हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु मार्फत हकप्रद साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात कम्पनीको चुक्ता पूंजी रु. ६१,२८,१०,०००/– (अक्षरेपी एकसाठ्ठी करोड अठाइस लाख दश हजार रुपैंया मात्र) हुनेछ ।

**६) हकप्रद शेयर निष्काशन गर्नुपर्व र निष्काशन पश्चात् हुने संगठित संस्थाको चुक्ता पुँजीको संरचना :**

हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गर्नु पूर्व यस कम्पनीको चुक्ता पूंजी रु. ३७१४,००,०००/- रहेको छ । हकप्रद शेयर निष्काशन पश्चात् कम्पनीको चुक्ता पूंजी रु.६१,२८,१०,०००/-कायम हुनेछ । कम्पनीको मिति २०७८/०८/२६ गते देखि संस्थापक शेयरको कारोबार रोक्का लकईन पिरियड (Lock in Period) समाप्त भई संस्थापक शेयर साधारण शेयर सरह कारोबार भइरहेको छ ।

**७) सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव:**

कम्पनीको संचालक समितिमा हाल निम्न बमोजिमका सञ्चालकहरुले प्रतिनिधित्व गर्नु भएको छ ।

| सि. नं. | नाम/ ठेगाना | पद | राष्ट्रियता | शेयर स्वामित्व | शेयर प्रतिशत | शैक्षिक योग्यता | सम्बन्धित क्षेत्रको अनुभव | अन्य क्षेत्रको अनुभव |
|---|---|---|---|---|---|---|---|---|
| १. | गंगा प्रसाद जोशी, नयाँ बाने श्वर,काठमाडौं | अध्यक्ष | नेपाली | १४४२३३ | ३.८८ | वि.ए | विगत २० वर्ष देखि विभिन्न जलविधुत आयोजनामा संलग्न रहि जलविधुत आयोजना प्रर्वद्धन तथा संचालन गरेको । मिति २०७९ भाद्र १९ गते देखि जोशी हाइड्रोपावर डेभलपमेण्ट कम्पनी लि. मा संचालक पदमा रहि कार्य गरिरहेको । | |
| २. | कृष्ण प्रसाद अधिकारी, बालकोट,भक्तपुर | संचालक | नेपाली | १००० | ०.०२६ | एम. ए. | मिति २०७९ भाद्र १९ गते देखि जोशी हाइड्रोपावर डेभलपमेण्ट कम्पनी लि. मा संचालक पदमा रहि कार्य गरिरहेको । | कम्प्युटर सफटवेयर, हार्डवेयर एवं व्यापारको क्षेत्रमा विगत २० वर्ष देखि निरन्तर रुपमा कार्य गर्दै आएको |
| ३. | राधा महर्जन, ग्वाकोंलललितपुर | स्वतन्त्र संचालक | नेपाली | नभएको | नभएको | MSC.IT (Information Technology) BCA(Financial Accounting, E-Commerce etc.) | मिति २०८० असोज १९ गते देखि जोशी हाइड्रोपावर डेभलपमेण्ट कम्पनी लि. मा संचालक पदमा रहि कार्य गरिरहेको । | हाइड्रोपावर सम्बन्धि कम्प्युटर सफटवेयर, हार्डवेयर एवं व्यापारको क्षेत्रमा विगत २० वर्ष देखि निरन्तररुपमा कार्य गर्दै आएको |
| ४. | सबिना बस्नेत सनिचरे, झापा | संचालक | नेपाली | ५१० | | MBS | २०८१/१०/२४ देखि जोशि हाइड्रोपावर डेभलपमेन्टमा संचालक पदमा रहि कार्य गरिरहेको । | मिति २०६५/०८/०६ देखि २०६७/०५/११ सम्म जिल्ला सहकारी संघ झापामा प्रबन्ध पदमा रहि कार्य गरेको २०६६/०४/२५ देखि २०६८/२/३० सम्म गोमेन्द्र कलेज झापामा Lecturer पदमा रहि कार्य गरेको, २०६७/०४/१० देखि २०६८/०३/३० सम्म कन्काई कलेज मा Lecturer पदमा रहि कार्य गरेको, २०६७/०५/१२ देखि हाल सम्म नेशनल कोअपरेटिभ बैक मा कार्य गरिरहेको । |
| ५ | निर्मला दहाल इलाम | संचालक | नेपाली | ५०० | | BA. Sociology | २०८१/१०/२४ देखि जोशि हाइड्रोपावर डेभलपमेन्टमा संचालक पदमा रहि कार्य गरिरहेको । | २०८० देखि सहासि महिला कृषि कम्पनीमा अध्यक्ष रुपमा कार्य गरिरहेको । २०६५ देखि नेपाल काचो छाला उद्योगमा संचालकको रुपमा कार्य गरिरहेको । २०६१ देखि २०६५ सम्म पेन्टागन फोशन हाउसमा अध्यक्षको रुपमा कार्य गरेको । २०५४ देखि २०५८ सम्म शर्मा एण्ड शर्मा कम्पनीमा कम्प्युटर अपरेटर को रुपमा कार्य गरेको । २०५१ देखि २०६१ सम्म महिला सिर्जना सामाजमा सामाज सेविको रुपमा कार्य गरेको । |
| ६. | दिपक प्रसाद कुशवाह | संचालक | नेपाली | २१०० | | MBS | २०८१/१०/२४ देखि जोशि हाइड्रोपावर डेभलपमेन्टमा संचालक पदमा रहि कार्य गरिरहेको । | २०६० साल देखि म्यानपावर कम्पनीमा कार्यरत । |

**नोट :** सूचिकृत सङ्गठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ मा संचालकहरु सम्बन्धी व्यवस्थाहरुको पालना भएको व्यहोरा जानकारी गराईन्छ ।
मिति २०८०/०६/१९ गतेको वार्षिक साधारण सभाबाट १ जना स्वतन्त्र संचालक नियुक्ति गरिएको छ। मिति२०८१/१०/२४ गतेको वार्षिक साधारण सभाबाट ३ जना संचालक नियुक्ति गरिएको छ ।

**कम्पनीको प्रमुख कार्यकारी अधिकृतको विवरण :**

| क्र.सं. | नाम | ठेगाना | शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|---|
| १. | सुधिर लामिछाने | कलैया उप–महानगरपालिका –१ | एमबिएस | विगत १८ वर्ष देखि जलविधुत आयोजनामा संलग्न रहि जलविधुत आयोजना प्रवर्द्धन तथा संचालन गरि रहेको । मिति २०७९ मंसिर १९ गते देखि जोशी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लि. मा प्रमुख कार्यकारी अधिकृत पदमा रहि कार्य गरिरहेको । |

**८) हकप्रद शेयर जारी गर्नुको उद्देश्य :**

**क)** संगठित यस कम्पनीले आफ्नो जारी पूंजी रु.६१,२८,१०,०००/– हुने गरी आफ्नो प्रवन्धपत्र तथा नियमावलीमा व्यवस्था गरिएको र सोही अनुसार पूंजी बृद्धि गर्न शेयरधनीहरुलाई हकप्रद शेयर जारी गरीएको ।

**ख)** कम्पनीको साधारण सभाबाट पारित भए बमोजिम चुक्ता पुंजीमा १ शेयर बरावर ०.६५ शेयर (१ :०.६५) को अनुपातमा हकप्रद शेयर निष्काशन गरी कम्पनीलाई आवश्यक पर्ने पुंजी संकलन गर्ने ।

**ग)** कम्पनीले संचालन गरि रहेको माथिल्लो पुवा १ जलविद्युत आयोजना ३ मे.वा को निर्माणको क्रममा लिएको कर्जा रकम भुक्तान गर्ने उद्देश्यका लागि कम्पनीले हकप्रद शेयर निष्काशन गर्ने ।

**घ)** कम्पनीले लिएको सम्पुर्ण कर्जा तथा कम्पनीले तिर्नु पर्ने सम्पूर्ण दायित्व तिर्नका लागि हकप्रद शेयर निष्काशन गर्ने । यस कम्पनीको आठौं (आ. व. २०७८/७९) वार्षिक साधारण सभा (मितिः २०७८/०६/१९ गते) बाट चुक्ता पूंजीको १: ०.६५ प्रतिशत हकप्रद शेयर निष्काशन गर्ने र हकप्रद शेयरको बिक्रीवाट प्राप्त हुने रकम रू. २४,१४,१०,०००/-(अक्षरूपी चौबिस करोड चौदलाख दश हजार) कम्पनीले निम्न शिर्षकमा खर्च गर्ने सम्बन्धि प्रस्ताव पारित गरेको थियो:

| | | |
|---|---|---|
| * | विभिन्न बैंक तथा वित्तिय संस्थालाए लिएको ऋणको सांवा तथा व्याज वापत्..... | रू.१५,५७१०,०००/–* |
| | संस्थापक श्री विरेन्द्र बहादुर न्यौपानेज्यूवाट लिएको साप्टीवापत भुक्तानीवापत्..... | रू.५,६८,३५,१९५/–५५ |
| | आयोजनाको विग्रिएका भौतिक संरचनाको ममंत संभारको खर्चवापत्..... | रू. २,८८,६४,८०४/–५५ |

आ. व. २०७८/७९ देखि आ. व. २०८०/८१ तीन आर्थिक वर्षमा समयको अन्तरालमा कम्पनीले बैंक तथा वित्तिय संस्थालाई नियमितरुपमा तिर्नु पर्ने सांवा तथा व्याज रकम र अन्य विविध खर्च संस्थापक श्री विरेन्द्र बहादुर न्यौपानेज्यूले कम्पनीको तर्फवाट तिर्नुवुझाउनु भएकोले कम्पनीले बैंक तथा वित्तिय संस्थालाई तिर्ने दायित्वरू. १३,३१,१३,४३९/१४ मात्र कायम भएको तर कम्पनीका संस्थापक श्री विरेन्द्र बहादुर न्यौपानेज्यूवाट यस अघि लिएको साप्टी एवं निज मार्फत कम्पनीले दुई आर्थिक वर्षमा भुक्तानी भएको बैंक तथा वित्तिय संस्थालाई भुक्तानी भएको सांवा तथा व्याज रकम एवं मर्मत संभार रकम भुक्तानी गर्ने व्यहोरा नबौं र दशौं वार्षिक साधारण सभाबाट पारित भएको र हालसम्म पनि कम्पनीको दैनिकरुपमा गर्नु पर्ने कार्यालय खर्चहरु समेत संस्थापक श्री विरेन्द्र बहादुर न्यौपानेज्यूले नै साप्टी स्वरूप कम्पनीमा खर्च गरिरहनु भएको हुँदा कम्पनीले निश्कासन गर्ने हकप्रद शेयर बिक्रीवाट प्राप्त हुने रकमवाट उपयोग गर्ने निर्णय भएको ।

**कम्पनीको हकप्रद शेयर निष्काशन पश्चात निम्न अनुसार उपयोग गर्ने छ ।**

| | | |
|---|---|---|
| * | विभिन्न बैंक तथा वित्तिय संस्थालाए लिएको ऋणको सांवा तथा व्याज वापत्..... | रू.१५,५७१०,०००/–* |
| | संस्थापक श्री विरेन्द्र बहादुर न्यौपानेज्यूवाट लिएको साप्टीवापत भुक्तानी वापत्..... | रू.५,६८,३५,१९५/–५५ |
| | आयोजनाको विग्रिएका भौतिक संरचनाको ममंत संभारको खर्चवापत्..... | रू. २,८८,६४,८०४/–५५ |
| * | कम्पनीको आठौं वार्षिक साधारण सभासम्म बैंक तथा वित्तिय संस्थालाई तिर्नुपर्ने रकम रू. १५,५७१०,०००/- रहेकोमा नबौं र दशौं वार्षिक साधारण सभा सम्पन्न भएको मितिसम्ममा बैंक तथा वित्तिय संस्थालाई तिर्नुपर्ने रकम रू. १३,३१,१३,४३९/१४ रहेकोले हकप्रद शेयरको बिक्रीवाट प्राप्त रकमबाट रू. १३,३१,१३,४३९/१४ बैंक तथा वित्तिय संस्थालाई भुक्तानी गरिनेछ । आठौं वार्षिक साधारण सभाको अवधिवाट नबौं र दशौं वार्षिक साधारणसभासम्मको अवधिमा बैंक तथा वित्तिय संस्थालाई तिर्न बुझाउनु पर्ने रकम संस्थापक श्री विरेन्द्र बहादुर न्यौपानेज्यूले भुक्तानी गर्नु भएकोले उक्त समय अवधिको रकम संस्थापक श्री विरेन्द्र बहादुर न्यौपानेज्यूलाई भुक्तानी गरिने छ ।

**नोटः यस हकप्रद शेयरको निष्काशनबाट प्राप्त पूँजीको उपभोग आठौं, नवौं र दशौं